छब्बीस क्षेत्रको मतपरिणाम सार्वजनिक

सुदूरपश्चिम ब्युरो
धनगढी, मङ्सिर ८ गते

सुदूरपश्चिम प्रदेशका प्रतिनिधि सभाका १६ मध्ये ११ क्षेत्रको परिणाम सार्वजनिक भएको छ। चार क्षेत्रको मतगणना भइरहेको छ। प्रदेश सभाका प्रत्यक्ष ३२ क्षेत्रमध्ये २६ वटा क्षेत्रको परिणाम सार्वजनिक भएको छ। परिणामअनुसार नेपाली कांग्रेसले नौ, नेकपा (माओवादी केन्द्र)ले सात, नागरिक उन्मुक्ति पार्टीले चार, नेकपा (एमाले)ले तीन, नेकपा (एकीकृत समाजवादी)ले दुई र स्वतन्त्रले एक क्षेत्र जितेका छन्। मतगणना भइरहेका स्थानमध्ये नेपाली कांग्रेस दुई, नेकपा (माओवादी केन्द्र) र नागरिक उन्मुक्ति पार्टीका उम्मेदवार एक/एक स्थानमा अगाडि छन्।

बझाङमा सिंह र भण्डारीको जित

बझाङ समाचारदाताका अनुसार बझाङको प्रदेश सभा (क) निर्वाचन क्षेत्रबाट नेपाली कांग्रेसका पृथ्वीबहादुर सिंह विजयी हुनुभएको छ। सिंहले नेकपा (एमाले)का अफिलाल ओखेडालाई तीन हजार ६७९ मतान्तरमा जित हासिल गर्नुभएको हो।

उहाँले १६ हजार ६७७ मत ल्याउँदा ओखेडाले १२ हजार ९९८ मत प्राप्त गर्नुभएको थियो। प्रदेश सभा (ख)मा नेकपा (माओवादी केन्द्र)का उम्मेदवार भीम भण्डारी निर्वाचित हुनुभएको छ। निकटतम प्रतिद्वन्द्वी नेकपा (एमाले)का लालबहादुर रावललाई दुई हजार ५४२ मतले पछि पार्दै भण्डारीले जित निकाल्नुभएको हो। भण्डारीले १३ हजार ८७९ मत प्राप्त गर्नुभएको थियो। रावलले ११ हजार ३३७ मत पाउनुभएको छ।

डडेल्धुरामा भट्ट र जोशी

डडेल्धुरा समाचारदाताका अनुसार डडेल्धुराको प्रदेश सभा (क)मा नेकपा (माओवादी केन्द्र)का खगराज भट्ट १२ हजार ११२ मतका साथ विजयी हुनुभएको छ। निकटतम प्रतिस्पर्धी नेकपा (एमाले)का पठानसिंह बोहरापन्दा दुई हजार ९१७ मतान्तरले वाम-लोकतान्त्रिक गठबन्धनका उम्मेदवार भट्ट निर्वाचित हुनुभएको हो। बोहराले नौ हजार १९५ मत प्राप्त गर्नुभएको छ।

डडेल्धुरा प्रदेश सभा (ख)मा स्वतन्त्र उम्मेदवार डा. ताराप्रसाद जोशी विजयी हुनुभएको छ। उहाँ ११ हजार १७० मतसहित प्रदेश सभा सदस्यमा निर्वाचित हुनुभएको हो। उहाँका प्रतिस्पर्धी वाम-लोकतान्त्रिक गठबन्धनका तर्फबाट नेपाली कांग्रेसका उम्मेदवार तथा प्रदेश सरकारका सामाजिक विकासमन्त्री गोविन्दराज बोहरा ४२५ मतले पराजित हुनुभएको छ।

डा. जोशीका निकटतम प्रतिद्वन्द्वी बोहराले १० हजार ९७० मत पाउनुभएको छ। नेकपा (एकीकृत समाजवादी)का केन्द्रीय सदस्य डा. जोशीले सो पार्टी छाडेर स्वतन्त्र उम्मेदवार बन्नुभएको थियो।

उन्मुक्तिका चौधरी विजयी

टीकापुर समाचारदाताका अनुसार कैलाली निर्वाचन क्षेत्र नम्बर १ प्रदेश सभा (क)बाट नागरिक उन्मुक्ति पार्टीका उम्मेदवार कैलाश चौधरी १५ हजार १०१ मत ल्याई विजयी हुनुभएको छ। उहाँका निकटतम प्रतिद्वन्द्वी सत्ता गठबन्धनका तर्फबाट नेकपा (माओवादी केन्द्र)का उम्मेदवार दीर्घराज विनाडीले १० हजार ३७७ मत मात्रै पाउनुभएको छ। राप्रपाका भीमबहादुर बमले चार हजार ६० र जसपाका भगतराम थारूले दुई हजार २७८ मत पाउनुभएको छ।

प्रदेशमा चौधरी

कैलाली निर्वाचन क्षेत्र नम्बर १ प्रदेश सभा (ख) बाट नागरिक उन्मुक्ति पार्टीका उम्मेदवार लक्ष्मणकिशोर चौधरी ११ हजार ३१७ मत ल्याई विजयी हुनुभएको छ। उहाँका निकटतम प्रतिद्वन्द्वी गठबन्धनका तर्फबाट नेपाली कांग्रेसका उम्मेदवार रणबहादुर रावलले आठ हजार ५३ मत पाउनुभएको छ। नेकपा (एमाले)का उम्मेदवार द्वारिकाप्रसाद न्यौपानेले पाँच हजार ३२० मत पाउनुभएको छ। राप्रपाका डम्बरबहादुर थापाले एक हजार ३०६ मत पाउनुभएको छ।

समाजवादीका सोडारीको जित

नेकपा (एकीकृत समाजवादी)का केन्द्रीय सदस्य तथा प्रदेश सरकारका भौतिक पूर्वाधार विकासमन्त्री दीर्घबहादुर सोडारी कैलाली क्षेत्र नं. ४ (क)बाट दोस्रो पटक प्रदेश सभामा विजयी हुनुभएको छ। उहाँ १३ हजार ४७९ मत पाएर विजयी हुनुभयो। उहाँका प्रतिद्वन्द्वी नेकपा (एमाले)का भीमबहादुर देउवाले नौ हजार ४२३ मत पाउनुभयो। यस्तै गरेर नागरिक उन्मुक्ति पार्टीका राजेन्द्र देवकोटाले पाँच हजार ९४१ मत पाउनुभयो।

यस्तै गरेर कैलाली क्षेत्र नं. ४ (ख) मा गठबन्धनका उम्मेदवार नेपाली कांग्रेसका नेता प्रकाश बम विजयी हुनुभएको छ। बम १२ हजार ४७३ मत प्राप्त गरेर विजयी हुनुभयो। उहाँका निकटतम प्रतिद्वन्द्वी नेकपा (एमाले)का हरिसिंह साउँदले ११ हजार ९५८ मत प्राप्त गर्नुभयो।

एमाले र कांग्रेस विजयी

कञ्चनपुर सामाचारदाताका अनुसार कञ्चनपुर क्षेत्र नं. १ (क)बाट सुदूरपश्चिम प्रदेश सभाका लागि नेकपा (एमाले)का उम्मेदवार वीरबहादुर थापा (पातल) र (ख)मा गठबन्धनका उम्मेदवार कांग्रेसका दिवानसिंह विष्ट विजयी हुनुभएको छ।

आफ्ना निकटतम प्रतिद्वन्द्वी गठबन्धनका उम्मेदवार कांग्रेसका बन्धु रानालाई हराउँदै थापा र एमालेका उम्मेदवार पल्लवराज भट्टलाई हराउँदै विष्ट निर्वाचित हुनुभएको हो। पातलले १३ हजार ३५९ र रानाले ११ हजार छ मत पाउनुभएको छ। यस्तै विष्टले आठ हजार ५२० मत पाउनुभएको छ भने भट्टले सात हजार ६०३ मत पाउनुभएको छ।

समाजवादीका रावलको जित

कैलाली समाचारदाताका अनुसार नेकपा (एकीकृत समाजवादी)का नेता तथा प्रदेश सरकारका आर्थिक मामिला तथा योजनामन्त्री प्रकाशबहादुर रावल दोस्रो पटक प्रदेश सभामा विजयी हुनुभएको छ। उहाँ कञ्चनपुर क्षेत्र नं. ३ (क)बाट विजयी हुनुभएको हो।

उहाँ आठ हजार ७१८ मत पाएर विजयी हुनुभयो। उहाँका प्रतिद्वन्द्वी नेकपा (एमाले)को समर्थनमा चुनाव लड्नुभएका राप्रपाका धर्मराज जोशीले छ हजार ८५८ मत पाउनुभएको छ। सत्तारूढ गठबन्धनका उम्मेदवार नेकपा (माओवादी केन्द्र)का नेता टेकेन्द्र भट्टले छ हजार ९५ मत पाउनुभयो। प्रतिद्वन्द्वी जोशीपन्दा यस पटक एक हजार ६३२ बढी मत ल्याएर रावल विजयी हुनुभयो।

क्षेत्र नं. ३ को (ख)बाट नेपाली कांग्रेसका नेता बेलबहादुर रानामगर विजयी हुनुभएको छ। रानाले १६ हजार १५२ र उहाँका प्रतिद्वन्द्वी (एमाले)का जिल्ला अध्यक्ष सुरेन्द्रबहादुर विष्टले १० हजार ५४८ मत पाउनुभएको छ।

अछाममा खड्का विजयी

अछाम समाचारदाताका अनुसार सुदूरपश्चिम प्रदेश सभाको सदस्यमा अछाम क्षेत्र नं. १ को (क)मा सत्ता गठबन्धनका तर्फबाट नेपाली कांग्रेसका सुदूरपश्चिम प्रदेशका महामन्त्री मेघराज खड्का विजयी हुनुभएको छ। खड्काले नेकपा (एमाले)का उम्मेदवार देवबहादुर कुँवरलाई पाँच हजार २६० मतान्तरमा जित निकाल्नुभएको हो। खड्काले १२ हजार ३३७ मत प्राप्त गर्नुभएको छ भने कुँवरले छ हजार ४९७ मत प्राप्त गर्नुभएको छ।

माओवादीका झपटको जित

अछाम क्षेत्र नं. १ (ख)मा सत्ता गठबन्धनतर्फका उम्मेदवार नेकपा (माओवादी केन्द्र)का झपटबहादुर साउँद विजयी हुनुभएको छ। साउँदले नेकपा (एमाले)का उम्मेदवार कृष्णप्रसाद जैसीलाई तीन हजार ९६ मतान्तरले हराउनुभएको हो। साउँदले १२ हजार ११५ मत प्राप्त गर्नुभएको छ। जैसीले नौ हजार १९ मत प्राप्त गर्नुभएको छ।

यस्तै, अछाम क्षेत्र नं. २ (क)मा वाम-लोकतान्त्रिक गठबन्धनका उम्मेदवार नेकपा (माओवादी केन्द्र)का अक्कलबहादुर रावल विजयी हुनुभएको छ। नेकपा (एमाले)का उम्मेदवार भीमबहादुर विष्टलाई दुई हजार ७९७ मतले पराजित गर्दै रावल विजयी हुनुभएको हो। रावलले ११ हजार २२० मत प्राप्त गर्नुभएको छ भने विष्टले आठ हजार ४२३ मत प्राप्त गर्नुभएको छ।

एमालेका पाल विजयी

बैतडी समाचारदाताका अनुसार प्रदेश सभा निर्वाचनमा बैतडी (क)बाट नेकपा (एमाले)का उम्मेदवार सुरेन्द्र पाल १२ हजार ८३१ मत ल्याएर विजयी हुनुभएको छ।

नेकपा (एमाले)का बैतडी अध्यक्षसमेत रहनुभएका पालले मुख्य प्रतिस्पर्धी नेपाली कांग्रेसका वीरबहादुर विष्ट र कांग्रेसबाटै बागी उम्मेदवार हरिमोहन भण्डारीलाई पछाडि पार्दै जित हासिल गर्नुभएको हो। कांग्रेसका बागी उम्मेदवार भण्डारीले ११ हजार १८ मत र कांग्रेसका आधिकारिक उम्मेदवार विष्टले १० हजार ९४३ मत प्राप्त गर्नुभयो। नेकपा (एकीकृत समाजवादी)का नरेन्द्र विष्टले दुई हजार १९४ मत प्राप्त गरेर चौथो स्थान प्राप्त गर्नुभयो।

बैतडी (ख)मा भट्ट विजयी

बैतडी प्रदेश सभा (ख)को निर्वाचनमा वाम-लोकतान्त्रिक गठबन्धनका उम्मेदवार शिवराज भट्ट विजयी हुनुभएको छ।

नेपाली कांग्रेस बैतडीका पूर्वजिल्ला सभापतिसमेत रहनुभएका भट्टले १७ हजार १५२ मत ल्याएर विजयी हुनुभएको हो। उहाँका प्रतिस्पर्धी नेकपा (एमाले)का उम्मेदवार लीलाधर भट्टले १६ हजार ७१६ मत प्राप्त गर्नुभएको छ।

बैतडी प्रदेश सभा निर्वाचन (ख)मा रहेका दोगडाकेदार गाउँपालिका, दशरथचन्द नगरपालिका, पञ्चेश्वर गाउँपालिका, शिवनाथ गाउँपालिका, पेलौली नगरपालिका र सुर्नया गाउँपालिका-१ र डिलासैनी गाउँपालिकाका दुई वडा गरी कुल ३८ हजार मत गणना हुँदा शिवराज भट्टले सबैभन्दा बढी १७ हजार १५२ मत प्राप्त गर्नुभएको छ। २०३६ सालदेखि नेविसङ्घबाट राजनीतिक यात्रा सुरु गर्नुभएका शिवराज भट्ट अर्थशास्त्र विषयमा स्नातकोत्तर र कानुन विषयमा स्नातक तहसम्मको अध्ययन गर्नुभएको छ।

२०१३ सालमा दशरथचन्द नगरपालिका-२, देहिमाडौँमा जन्मनुभएका भट्ट २०३६ सालको जनमतसङ्ग्रह, २०४२ को सत्याग्रह र २०४६ सालको जनआन्दोलनमा प्रत्यक्ष सहभागी हुनुहुन्थ्यो।

बैतडीबाट प्रदेश सभा निर्वाचनमा विजयी भएपछि उहाँले बैतडीका मतदाताको भावनाअनुसार काम गर्ने बताउनुभयो।

नेपाल विद्युत प्राधिकरण
काभ्रे वितरण केन्द्र
बनेपा, काभ्रेपलाञ्चोक

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मिति : २०७९।०८।०९

क्र. सं.	दरभाउपत्र नं.	कामको विवरण	छनोट भएका दरभाउपत्र दाता	कबोल गरेको रकम (भ्याट सहित) रु.
१	NEA/KDC/ 2079/080/LM-01	Supply and Delivery of Different Types of Line Nirman Materials	श्री पाथीभरा सप्लायर्स, बत्तीसपुतली, काठमाडौं।	रु.२५,३७,३०२।००

Nepal Electricity Authority
Lumbini Province, Provincial Office, Butwal, Rupandehi

INVITATION FOR BIDS

National Competitive Bidding

Notice Publication Date : 2079/08/09 (25th November, 2022)

S.N.	Name of Office	IFB No./Notice No.	IFB Name/Job Description
1.	Lumbini Provincial Office Phone No. 071-438584 E-mail : butwal.ro@nea.org.np	NEA-LPO-2079/80-05	Supply, Delivery, Installation, Testing and Commissioning of substation equipments in various substations under Lumbini Provincial Office
2.	Arghakhanchi Distribution Center Phone No. 077-420394 E-mail : arghakhanchi@nea.org.np	NEA/ADC/ 2079/080-SQ-05	Supply & Delivery of Electrical Tool Materials
3.		NEA/ADC/ 2079/080-SQ-06	Supply & Delivery of Stationary Materials

For more details please visit PPMO website : **www.bolpatra.gov.np/egp**

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्
जय किसान बहुप्राविधिक शिक्षालय
धरहरी, रौतहट

सिलबन्दी दरभाउ आह्वानको सूचना

प्रथम पटक सूचना प्रकाशित मिति : २०७९।०८।०९

यस कार्यालयबाट प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, प्रदेश कार्यालयको स्वीकृत वार्षिक कार्यक्रम तथा बजेट अनुसार यस शिक्षालयको स्तरोन्नतिका लागि बजेट विनियोजन भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ को परिधिभित्र रही सीमा पर्खालको निर्माण कार्य गराउनुपर्ने भएकोले निर्माण व्यवसाय ऐन २०५५ बमोजिम इजाजत प्राप्त इच्छुक निर्माण व्यवसायीहरूबाट निम्न सर्तहरूको अधीनमा रही रीतपूर्वकको सिलबन्दी दरभाउ आह्वान गरिएको छ।

१. दरभाउ फारामहरू खरिदका लागि रु. ३,०००।- (तीन हजार) फिर्ता नहुने गरी यस कार्यालयमा बुझाई आ.व. ०७९/०८० सम्म नवीकरण गरेको इजाजत पत्र, आयकर दर्ता प्रमाणपत्र, स्थायी लेखा दर्ता प्रमाणपत्र र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रतिलिपि र आ.व. २०७८/२०७९ सम्मको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि साथ निवेदन पेस गरी सूचना प्रकाशन भएको मितिले ३० (तीस)औं दिनसम्म कार्यालय समयभित्र खरिद गर्नुपर्नेछ।
२. सिलबन्दी दरभाउ फाराम साथ धरौटी बापतको रकम (कबोल अङ्कको २.५%) यस कार्यालयको रा.वा.बैंक गरुडा शाखामा भएको खाता नम्बर १७१०१०००००३३६४००१ मा जम्मा गरेको सक्कल भौचर पेस गर्नुपर्नेछ।
३. दरभाउ ठेक्का सम्बन्धी सम्पूर्ण व्यवस्था प्रचलित सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ बमोजिम हुनेछ।
४. थप जानकारीका लागि यस शिक्षालयको सूचना पाटी एवं मोबाइल नं. ९८५५०४४५२९ मा सम्पर्क गर्न सकिन्छ।

सि.नं.	दरभाउ पत्र नं.	कामको विवरण	लागत अनुमान रकम VAT समेत	धरौटी रकम
१.	CTEVT/JKPI 1- 079/80	सीमा पर्खाल निर्माण	२३,५७,२९९/६५	५८,९३२/४९

(शिक्षालय प्रमुख)

नेपाल विद्युत प्राधिकरण
वितरण तथा ग्राहक सेवा निर्देशनालय
गण्डकी प्रादेशिक कार्यालय

सिलबन्दी दरभाउपत्र स्वीकृत गरिएको आशय/सिलबन्दी दरभाउपत्र आह्वान सम्बन्धी सूचना

(सूचना प्रकाशित मिति : २०७९।०८।०९)

१. म्याग्दी वितरण केन्द्र (फोन नं. ०६९-५२०४०४, इमेल : myagdi@nea.org.np)
सिलबन्दी दरभाउपत्र स्वीकृत गरिएको आशयको सूचना

सि.नं.	बोलपत्र नं.	छनोट भएका बोलपत्र दाताको नाम	कबोल रकम रु.(मू.अ.कर सहित)
1	NEAMDC-079/80-SQ-03	श्री आचार्य निर्माण सेवा, म्याग्दी।	रु.७,३४,५००।००
2	NEAMDC-079/80-SQ-04	श्री आचार्य निर्माण सेवा, म्याग्दी।	रु.४,८३,८६६।००

२. लमजुङ वितरण केन्द्र (फोन नं. ०६६-५२१०७७, इमेल : lamjung@nea.org.np)
सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

सि.नं.	सिलबन्दी दरभाउपत्र नं.	कार्य विवरण
१.	NEA-LDC-2079/80-05 (SQ)RE	Construction of HT/LT Line and Transformer Installation Work at Besisahar 5, Jhyarkha.
२.	NEA-LDC-2079/80-06(SQ)	Relocation of HT/LT Line at Paudi to Kirinche and Karaputaar to Rudikhola for road extention work under Puspalal Madhyapahadi Lokmarga.

For details please visit **www.bolpatra.gov.np/egp** & For further information please contact respective offices.

Government of Nepal
Ministry of Industry, Commerce & Supplies
Nepal Intermodal Transport Development Board (NITDB)
Chobhar, Kirtipur-6, Kathmandu
Phone no.: 977-1-4332896 ; email: nitbktm@nitdb.gov.np

Notice for Financial Proposal Opening

(Date of publication: 25th November, 2022 (Mangshir 9, 2079 B.S.)

Name of the Contract: Operation and Management of Birgunj ICP

It is informed to all the bidders who have submitted their bids for the *Operation and Management of Birgunj ICP (Contract No.: NITDB- O&M- ICB -06 (FY 2022/023)* as per notice of invitation for Bids published in daily newspapers and the website www.nitdb.gov.np on 27th July 2022 that the technical proposals which were opened on 12th September 2022 have been evaluated and the Financial Proposal of following technically qualified bidders will be opened at NITDB's office, Chobhar, Kirtipur, Kathmandu on 2nd December 2022 at 13:00 hrs.

S. N.	Name of Bidder
1.	M/s Highway-Atlas-EFC JV, Kathmandu, Nepal
2.	M/s Pristine Interstate JV, New Delhi, India
3.	M/s TransNepal Freight Services Pvt. Ltd., Biratnagar, Nepal
4.	M/s SS Terminals JV, Kathmandu, Nepal
5.	M/s Kailasha Terminals JV, Kathmandu, Nepal

काठमाडौं इन्स्टिच्युट अफ चाइल्ड हेल्थ
KIOCH
बूढानीलकण्ठ नगरपालिका ७, हेपाली हाइट, काठमाडौं
फोन नं.: ०१-४३७०३७३, email : info@kioch.org.np, web, kioch.org.np

आ.व. ०७९।८० का लागि किओच दमक बाल अस्पतालमा फर्निचर आपूर्ति सम्बन्धी दरभाउपत्रको सूचना

(दरभाउपत्र नं. ७-२०७९/८०)
(प्रथम पटक प्रकाशित मिति : २०७९/८/९)

यस इन्स्टिच्युटले सञ्चालन गर्ने किओच दमक बाल अस्पतालका लागि आ.व.०७९।८० मा आवश्यक फर्निचर आपूर्ति गर्न इच्छुक योग्यता पुगेका उत्पादक, फर्म/सप्लायर्स/कम्पनीबाट अद्यावधिक गरेको दर्ता, इजाजत पत्र, मूल्य अभिवृद्धि कर, आ.व. २०७८।०७९ को कर चुक्ता प्रमाणपत्रहरूको प्रमाणित प्रतिलिपि, फाराम खरिद दस्तुर बापतको रकम रु. १,००० (एक हजार मात्र) इन्स्टिच्युटको सानिमा बैंक लिमिटेड, नक्साल शाखामा रहेको चल्ती खाता नं. ००१०१००१०००२०६३ मा जम्मा गरी दरभाउपत्र सम्बन्धी फाराम खरिद गर्ने र दरभाउपत्रमा कबोल गरेको रकमको ३ (तीन) प्रतिशतले हुन आउने धरौटी बापतको रकम इन्स्टिच्युटको सानिमा बैंक लिमिटेड, नक्साल शाखामा रहेको चल्ती खाता नं. ००१०१००१०००४९७१ मा जम्मा गरेको बैंक भौचर वा बैंक ग्यारेन्टीको हकमा दरभाउपत्र दाखिला गर्ने अन्तिम दिनदेखि गणना हुनेगरी कम्तीमा ९० (नब्बे) दिन मान्य अवधि भएको नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको मान्यता प्राप्त वाणिज्य बैंकबाट जारी गरिएको बैंक ग्यारेन्टी पत्र संलग्न राखी सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५औं दिनको कार्यालय समयभित्र दरभाउपत्रको फाराम खरिद गर्न र १६औं दिनको १२:०० बजेभित्र इन्स्टिच्युटको कार्यालय, हेपाली हाइटमा दरभाउपत्र पेस गर्नहुन यो सूचना प्रकाशित गरिएको छ। अन्य विस्तृत जानकारीका लागि यस इन्स्टिच्युटको प्रशासन शाखामा कार्यालय समयभित्र सम्पर्क राख्न सकिने व्यहोरा समेत जानकारी गराइन्छ।

बन्दीपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, बन्दीपुर तनहुँ
२०७३

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

सूचना प्रकाशित मिति : २०७९/०८/०९

यस बन्दीपुर गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, तनहुँको मिति २०७९।०६।२३ गते नयाँ पत्रिका राष्ट्रिय दैनिकमा प्रकाशित तपसिल बमोजिमका औषधि तथा औषधिजन्य सामग्री खरिदका लागि पर्न आएका बोलपत्रहरूको मूल्याङ्कन गर्दा देहायको बोलपत्र न्यूनतम मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही भएको पाइएकोले सार्वजनिक खरिद ऐन, २०६३, दफा २७ को उपदफा (२) र सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८० उपनियम (६) बमोजिम सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

क्र. सं.	ठेक्का नं	न्यूनतम मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही बोलपत्र दाता	कबोल रकम रु.	कैफियत
१	BRM/NCB/GOODS/ MD/01/2079/80	चिराग फार्मेसी प्रा.लि., रानीपौवा, पोखरा	८,१८,६०१।८०	
२	BRM/NCB/GOODS/ MD/02/2079/80	हिम सागर मेडिकल हल, पृथ्वीचोक, पोखरा	२१,८४,५१३।-	

प्रमुख प्रशासकीय अधिकृत

नेपाल सरकार
ऊर्जा, जलश्रोत तथा सिंचाई मन्त्रालय
विद्युत विकास विभाग

माथिल्लो सार्दी खोला जलविद्युत आयोजना सम्बन्धी सार्वजनिक सूचना

प्रथम पटक प्रकाशित मितिः २०७९/०८/०८

कास्की जिल्लाको माछापुच्छ्रे गाउँपालिका वडा नं २ मा प्रस्तावित २.९ मे.वा. क्षमताको माथिल्लो सार्दी खोला जलविद्युत आयोजना निर्माण गरी विद्युत उत्पादन गर्न मन्दाकिनी हाईड्रोपावर लि. ले दरखास्त दिएकाले विद्युत ऐन, २०४९ को दफा ४ तथा विद्युत नियमावली, २०५० को नियम १५ बमोजिम आवश्यक जाँचबुझ गरी नियम १६ को प्रयोजनको लागि ऊर्जा, जलश्रोत तथा सिंचाई मन्त्रालयको मिति २०७८/०६/१२ गतेको पत्र अनुसार प्रारम्भिक वातावरणीय परिक्षण (IEE) प्रतिवेदन र मन्दाकिनी हाईड्रोपावर लि.बाट प्रेषित आयोजनाको Feasibility Study Report, April 2019 अनुसार आयोजना सम्बन्धी तपशिलका विवरणहरु खोली यो सूचना प्रकाशित गरिएको छ। प्रस्तावित माथिल्लो सार्दी खोला जलविद्युत आयोजना निर्माण तथा सञ्चालन गर्दा उल्लेखनीय प्रतिकूल असर पर्ने भएमा यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५(पैंतिस) दिन भित्र सम्बन्धित सरोकारवालाले आफ्नो लिखित राय-सुझाव विद्युत विकास विभाग समक्ष पेश गर्न सक्ने व्यहोरा जानकारी गराईन्छ।

तपशिल

१. मन्दाकिनी हाईड्रोपावर लि. कम्पनी ऐन, २०६३ अनुसार दर्ता नं. ४९०१२/०६४/०६५ मिति २०६४/०६/२६ मा प्रा. लि. को रुपमा दर्ता भई मिति २०७१/०३/३१ मा दर्ता नं. १२४२९४/७०/७१ बाट पब्लिक लिमिटेड कम्पनीमा परिणत भएको विद्युत उत्पादन गर्ने संस्था हो।
२. यस कम्पनीले प्रस्ताव गरेको आयोजनाको क्षेत्र निम्नानुसार कायम गरिएको छ।
देशान्तर : ८४° ००' ४६" E देखि : ८४° ०२' १३" E
अक्षांश : २८° २१' २६" N देखि : २८° २२' ०८" N
३. यो आयोजना रन अफ रिभर (Run off River, ROR) प्रकारको भएको र जडित क्षमता २.९ मे.वा. रहने छ। यसको डिजाइन वहाव १.३१ घनमीटर प्रति सेकेन्ड (सार्दी खोला १.१६ घनमीटर प्रति सेकेन्ड तथा कुत्मी खोला ०.१५ घनमीटर प्रति सेकेन्ड) र कुल हेड (Gross head) २७४.० मि. रहेको छ। आयोजनाबाट बार्षिक सरदर १६.९३ गिगावाट घण्टा विद्युतीय उर्जा उत्पादन हुन्छ।
४. आयोजनाका मुख्य संरचनाहरु सार्दी खोलाको दायाँ किनारमा पर्दछन्। यो आयोजना माछापुच्छ्रे गाउँपालिका वडा नं २ मा पर्दछ।
५. विद्युत उत्पादनका लागि यस आयोजनाले सार्दी खोला र कुत्मी खोलाको पानी प्रयोग गर्नेछ। सार्दी खोलाको पानीलाई १५ मि. लम्बाई र ३ मि. उचाईको Boulder riprap Diversion weir निर्माण गरि २ वटा १.५ मि. x ०.८ मि. को Side Intake Orifice हरुबाट आयोजनाको लागि फर्काइनेछ। उक्त weir को Crest Elevation १८७४ masl रहनेछ। यसरी फर्काएको पानीलाई २ मि. लम्बाई र ३.४ मि. चौडाइको Gravel Trap मा गेग्रान थिर्याइनेछ। उक्त पानीलाई ३१ मि.लम्बाई x ५ मि चौडाईको Settling Basin बाट पानीलाई २२५.० मि.लम्बाई र ०.८५।०.९५ मि.व्यास भएको स्टील पाइप मार्फत सतही विद्युत गृहमा पुर्याइनेछ। कुत्मी खोलाको पानी Bouder riprap weir बनाई एउटा ०.५ मि. x ०.३ मि. को Intake बाट २.२५ मि. लम्बाई, १.३ मि. चौडाई र २.५ मि. गहिराई भएको Grit Chamber हुदै ०.३ मि. व्यास भएको ३४० मि. लामो स्टील पाइपबाट सार्दी खोला र कुत्मी खोलाको दोभान नजिकै मुख्य पाइपमा जोडिनेछ। १४ मि. लामो, १० मि.चौडाई र १० मि.उचाईको विद्युत गृहमा जडित २ वटा १.५१ MW(Rated Power) को Horizontal Axis भएका Pelton Turbine हरुमा पानी खसाली सो Turbine संग जोडिएका २ वटा थ्रि फेज, १७५० kVA synchronous generator मार्फत २.९ मे.वा. बिजुली उत्पादन गरिनेछ। विद्युत उत्पादन पछि ५० मि.लम्बाईको टेलरेस क्यानल मार्फत पुन: सार्दी खोलामा पानी छोडिनेछ। Tailwater Level १५९५ masl रहनेछ।
६. उत्पादित विद्युतलाई विद्युत गृहको ३३ के.भी को स्वीचयार्डमा जडान हुने १ वटा three phase ३.६ MVA, 50 Hz को ट्रान्सफर्मरबाट करिब ३.७ कि.मि. लामो ३३ के.भी. प्रसारण लाईन मार्फत प्रस्तावित सार्दी खोला जलविद्युत आयोजनाको स्वीचयार्डमा जोडिने छ र दुवै आयोजना विद्युत प्राधिकरणको लाहाचोक मार्फत राष्ट्रिय प्रशारण लाईनमा जोडिने छ।
७. प्रस्तावित हेडवर्क्स भन्दा तल्लो तटीय क्षेत्रमा जीवजन्तु, जलचर तथा बोटविरुवाका लागि वातावरणीय प्रभाव मूल्याङ्कन (Environmental Impact Assessment, EIA) प्रतिवेदन अनुसार सार्दी खोलाको र कुत्मी खोलाको औसत मासिक बहावको दश प्रतिशत खोलामा अविच्छिन्न रुपमा छोड्ने प्रस्ताव गरिएको छ।
८. यो आयोजनाको निर्माण अवधि १८ महिना प्रस्ताव गरिएको छ।
९. आयोजनाको निर्माण तथा सञ्चालन गर्दा विद्युत ऐन, २०४९ को दफा २४ बमोजिम भू-क्षय, वायू प्रदुषण आदि द्वारा वातावरणमा उल्लेखनीय प्रतिकूल असर नपर्ने गरी आयोजनाको प्रारम्भिक वातावरणीय परिक्षण (IEE) प्रतिवेदन अनुसार गर्न लगाइने छ।

यस आयोजनाको सम्बन्धमा विस्तृत जानकारीको लागि निम्न ठेगानामा सम्पर्क राख्न सकिनेछ।

मन्दाकिनी हाईड्रोपावर लि.	विद्युत विकास विभाग
सिनामंगल -९, काठमाडौं	सानो गौचरण, काठमाडौं, पो.ब.नं. २५०७
पो.ब.नं. ७३२७	सम्पर्क नं.०१-४४८२१३०, ५२४४४०८
फोन नं.- ०१-४५६१५७४	इमेल: info@doed.gov.np

भर्ना सम्बन्धी सूचना

CTEVT बाट सम्बन्धन प्राप्त यस कलेजमा सामान्य चिकित्सा संकायमा पूर्ण शुल्कीय खुल्लातर्फ १ सिट र रेडियोग्राफीमा केही सिट रिक्त हुन गएकोले स्वास्थ्य कायक्रमको प्रवेश परीक्षामा उत्तीर्ण परीक्षार्थीहरुलाई योग्यता क्रमका आधारमा छनौट गरिने भएको हुँदा ५ दिन भित्र भर्नाका लागि आवश्यक कागजातहरु सहित निवेदन दिनहुन अनुरोध छ।

दोलखा बहुउद्देश्यीय तालिम संस्थान
चरिकोट, दोलखा, ०४९-४२१३६४

नेपाल विद्युत प्राधिकरण
(नेपाल सरकारको स्वामित्व)
प्रसारण निर्देशनालय
ग्रिड विकास विभाग
गोदक-सोयाक १३२ के.भी. प्रसारण लाइन आयोजना

आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सूचना

मिति : २०७९।०८।०९

NCB/GS132Kv/2078-79/01 मा प्राप्त बोलपत्रहरूको प्राविधिक मूल्याङ्कनमा सारभूत रूपमा प्रभावग्राही देखिएका निम्न बोलपत्र दाताको आर्थिक प्रस्ताव खोलिने हुँदा उपस्थितिका लागि यो सूचना जारी गरिएको छ।

१. **Cosmic Electrical Engineering Associates Pvt. Ltd.**

मिति: २०७९।०८।१६ गते १२:०० बजे

स्थान: आयोजनाको कार्यालय, ने.वि.प्रा.तालिम केन्द्र, खरिपाटी, भक्तपुर

बोलपत्र दाताहरूलाई मिति २०७९।०८।०८ मा पत्राचार गरिसकिएको छ।